annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १११ पृष्ठ ८ | काठमाडौं, सोमबार २ भदौ २०८२ | भाद्र कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | MONDAY, AUGUST 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

'डार्क फाइल' मुद्दामा सर्वोच्चको बृहत् पूर्ण इजलासको पूर्णपाठ

अदालतको अपहेलना : बाध्यात्मक परिस्थितिमा गरिने कारबाही

सर्वोच्च अदालतले अनलाइन, युटचुब र सामाजिक सञ्जाल प्लेटफर्मलाई अनिवार्य रूपमा दर्ता गरी डिजिटल मिडिया र सामाजिक सञ्जाललाई समेत जिम्मेवार तथा जवाफदेही बनाउन सरकारलाई आदेश दिएको छ। सिधा कुरा अनलाइनले 'डार्क फाइल' नाममा प्रसारण गरेको सामग्रीले अदालतको अपहेलना गरेको भन्दै दायर मुद्दाको फैसलाको पूर्णपाठमा सर्वोच्चले यस्तो आदेश दिएको हो। मिसइन्फरमेसन, डिसइन्फरमेसन र माल इन्फरमेसन जस्ता गलत सूचना नियन्त्रण गर्नु राज्यको दायित्व हुने फैसलामा उल्लेख छ।

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

कभर स्टोरी/फेक अडियो प्रकरण

'सीधाकुरा डटकम'ले अदालतको अवहेलना गरेको ठहर

सर्वोच्च अदालतले सोधाकुरा डटकममा 'डार्क फाइल' नाम दिएर प्रसारण र प्रकाशन गरिएका सामग्रीविरुद्ध परेको अदालतको अवहेलना मुद्दामा संलग्न सबैलाई जेल सजायको फैसला गरेको छ।

दिनेश गौतम | काठमाडौं

– को रिपोर्ट

कार्यकारी सम्पादक दुंगाना र प्रकाशक कँडेललाई तीन/तीन महिना कैद

तिमिल्सिनालाई ६ महिना कैद

सीधाकुरा डटकमलाई ५ हजार जरिवाना

सिधा कुरामा प्रसारित अडियो किर्ते रहेको प्रहरीको निर्क्योल

अध्यक्ष, सम्पादक र अडियो निर्माताविरुद्ध सरकारी वकिलद्वारा मुद्दा दायर

अन्नपूर्ण | काठमाडौं

सिधाकुरा डटकमविरुद्ध अदालतको अपहेलनामा प्रतिवेदन मुद्दा दायर

प्रकाशक युवराज कँडेल, कार्यकारी सम्पादक नवीन ढुंगानालगायत उक्त कार्यमा संलग्न सबैलाई हदैसम्म सजायको माग

अन्नपूर्ण | काठमाडौं

प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको औपचारिक निम्तो



राधा खनाल | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट विदेशमन्त्री विक्रम सिंहले भारत भ्रमणको औपचारिक निमन्त्रणापत्र दिएका छन्। आइतबार काठमाडौं आइपुगे लगत्तै विदेशमन्त्री मिश्रीले प्रधानमन्त्री ओलीसँग भेट गरी भ्रमणको औपचारिक निमन्त्रणापत्र हस्तान्तरण गरेका थिए।

प्रधानमन्त्री ओली भदौ ३१ गते भारत भ्रमणमा जाने तय भए पनि औपचारिक निमन्त्रणापत्र प्राप्त भएको थिएन। ओलीको भारत भ्रमणको तयारी स्वरूप काठमाडौं आएका विदेशसचिव मि श्रीले आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वप्रधानमन्त्रीद्वय शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, परराष्ट्रमन्त्री आरजु राणासँग भेटवार्ता गरेका छन्। प्रधानमन्त्री ओलीले भारत निमन्त्रणका लागि धन्यवाद दिएका छन्।

प्रधानमन्त्री ओलीको सचिवालयका अनुसार अब दुई देशका परराष्ट्र-विदेशमन्त्रबीच एजेन्डा र भ्रमणको मोडालिटीबारे छलफल हुनेछ। 'अब भ्रमण हुने तय भइसकेको अवस्थामा दुवै पक्षका परराष्ट्रमन्त्री र सचिवस्तरीय बैठक बसेर एजेन्डा र भ्रमणको मोडालिटी लगायतका विषयमा छलफल हुन्छ,' प्रधानमन्त्री ओलीको सचिवालय स्रोतले भन्यो।

परराष्ट्र मन्त्रालयका अधिकारीका अनुसार प्रधानमन्त्री ओलीलाई भदौ ३१ देखि असोज १ गतेसम्मको भ्रमणका लागि भारतले निमन्त्रणा गरेको छ। सोहीअनुसार दुवै देशले भ्रमणको अनौपचारिक तयारी गरिरहेका छन्। विदेश सचिव मिश्री परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईको निमन्त्रणामा दुई दिने औपचारिक भ्रमणका लागि नेपाल आएका हुन्। मिश्री सोमबार नै भारत फर्किनेछन्। सचिव राईले नेपाल-भारतबीच बलियो र मैत्रीपूर्ण परराष्ट्र सम्बन्ध रहेकाले विदेश सचिवको भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय भ्रमण आदानप्रदानको परम्परालाई निरन्तरता दिएको र द्विपक्षीय सम्बन्धलाई अझ अघि बढाउने अवसर हुने विश्वास गरिएको बताए।

» बाँकी पृष्ठ ३

ओली र मोदीबीच बोधगयामा भेट हुने

प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच बिहारमा भेटवार्ता हुने भएको छ। प्रधानमन्त्री ओलीको भदौ ३१ देखि असोज १ गतेसम्म भारत भ्रमण हुनेछ।

मोदीसँग बिहारको बोधगयामा भेटवार्ता हुने तय भएको परराष्ट्र मन्त्रालय स्रोतले जानकारी दिएको छ। बोधगया बुद्धले बुद्धत्व प्राप्त गरेको ठाउँ हो। दुई देशका प्रधानमन्त्रीबीचको भेटमा दुई देशका आपसी चासो, विकास सहकार्य र कनेक्टिभिटीबारे छलफल हुने भारतीय विदेश मन्त्रालयले जनाएको छ।

विपिनकी आमा र बहिनीले भेटे इजरायली राष्ट्रपति

जेरुसेलम (अन्नपूर्ण) : हमासद्वारा बेपत्ता बनाइएका विपिन जोशीका आमा र बहिनीले इजरायली राष्ट्रपतिलाई भेटेका छन्। विपिनको रिहाइका लागि पहल गरिदिन मागसहित उनीहरूले जेरुसेलममा राष्ट्रपति आइज्याक हर्जोगसँग भेटवार्ता गरेकी हुन्।

भेटमा आमा पदमा जोशी र बहिनी पुष्पासँगै नेपालका इजरायलस्थित राजदूत धनप्रसाद पण्डित पनि सहभागी थिए। भेटका क्रममा आमा पदमाले आफ्ना छोरा विपिनको शीघ्र रिहाइका लागि अनुरोध गरेकी थिइन्। उनले छोरा निर्दोष विद्यार्थी भएको उल्लेख गर्दै मानवीय दृष्टिले पहल गर्न आग्रह गरेकी थिइन्। त्यस्तै बहिनी पुष्पाले पनि राष्ट्रपति समक्ष विपिनको रिहाइका लागि व्यक्तिगत अपिल गर्दै अन्तर्राष्ट्रिय प्रयासलाई अझ बलियो बनाउन आग्रह गरिन्। राजदूत पण्डितले पनि राष्ट्रपति समक्ष विपिनको अवस्थाबारे निरन्तर पहल गर्न विशेष अनुरोध गरे।

रूस-युक्रेन युद्ध अन्त्यका लागि शिखर संवाद

वासिङ्टनमा शक्तिशाली राष्ट्रका सरकार प्रमुख

सुरज भण्डारी | *अमेरिका*

रूस-युक्रेनबीच जारी युद्ध अन्त्यका लागि ऐतिहासिक पहल स्वरूप सोमबार अमेरिकामा शक्ति राष्ट्रका उच्च नेताहरू सम्मिलित बैठक बस्ने भएको छ। अमेरिका र युक्रेनका राष्ट्रपतिबीच मात्र वार्ता हुने भनिएकोमा अब त्यो शिखर शीर्षस्थ संवादका रूपमा अघि बढ्ने छ। युद्धरत एउटा पक्ष रूसको सहभागिता भने यो बैठकमा हुने छैन। तसर्थ समझदारी भए पनि युद्धविराम सम्झौता भने हुने छैन।

अमेरिकाको राष्ट्रपतिको चुनावी अभियानका क्रममा र आफू दोस्रोपटक अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएसँगै रूस-युक्रेनबीचको युद्ध अन्त्य गराउने उदघोष गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले पछिल्ला केही महिनायता संवाद, दबाब र पहलमार्फत रूस-युक्रेनलाई स्थायी युद्धविरामनजिक पुऱ्याएका छन्। उनी र उनका प्रशासनका मन्त्री तथा विशिष्ट अधिकारीहरूले युद्ध अन्त्य गराउनका लागि द्वीपक्षीय र बहुपक्षीय वार्ताका साथै अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत यस मुद्दाहरूलाई अहम् रूपमा उठाउँदै आएका छन्।



वार्तामा यूकेका प्रधानमन्त्री सर केयर स्टारमर, इटालीका प्रधानमन्त्री जर्जिया मेलोनी, जर्मन चान्सलर फ्रेडरिक मर्ज, फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रोन, युरोपेली युनियनका अध्यक्ष उर्सुला भोन डेर लेयन र नेटोका महासचिव मार्क रुटको समेत सहभागिता हुने भएको छ।

यसै क्रममा युद्ध अन्त्यका लागि प्रत्यक्ष जोडिएको एउटा पक्ष रूससँग शुक्रबार अमेरिकाले ऐतिहासिक वार्ता गरेको छ। रूसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई १० वर्षपछि अमेरिका निम्त्याएर अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले युद्ध अन्त्यका लागि ऐतिहासिक अग्रसरता देखाएका छन्। जसले युद्ध अन्त्यको संभावना बढाएको छ। रूसी राष्ट्रपति पुटिनसँगको वार्ताको ठोस निष्कर्ष र भएका सहमतिलाई सार्वजनिक नगरी यसलाई 'आइसब्रेक' र सकारात्मक दिशाका लागि महत्वपूर्ण पहलका रूपमा संकेत गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले अब सबै कुरा युक्रेनको हातमा रहेको टिप्पणी गरेका थिए।

» बाँकी पृष्ठ ३

बैंकमा थुप्रियो पैसा, राष्ट्र बैंकले तान्यो एकै दिन ६० अर्ब

राष्ट्र बैंकले कुन दिन कति पैसा खिच्यो ?

कुन दिन	बोलकबोल	प्रशोचन (अर्ब)
साउन ४	४२ दिने	५०
साउन ७	५६ दिने	८०
साउन ११	२८ दिने	५०
साउन १४	४२ दिने	२५
साउन १८	४२ दिने	५०
साउन २१	३५ दिने	४०
साउन २८	२५ दिने	२५
भदौ १	३१ दिने	६०

ममता थापा | *काठमाडौं*

बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रिएपछि नेपाल राष्ट्र बैंकले आइतबार ६० अर्ब रुपैयाँ तानेको छ। कर्जा दिने अधिक क्षमता रहे पनि लगानी नभएर बैंक तथा वित्तीय संस्थासँग पैसा थुप्रिएको हो। गत वर्षको साउनदेखि नै बैंकमा अधिक लगानीयोग्य पुँजी (तरलता) थुप्रिँदै आएको हो। चालु वर्षको साउनमा पनि यस्तो पैसा कर्जामा नगएपछि राष्ट्र बैंकले भदौको पहिलो दिन नै ठूलो परिणाममा पैसा खिचेको हो। हाल बैंक तथा वित्तीय संस्थासँग ७ खर्ब १६ अर्ब अधिक लगानीयोग्य पुँजी थुप्रिएको केन्द्रीय बैंकको तथ्यांकमा उल्लेख छ। यसमध्येको ६ खर्ब ६५ अर्ब १५ करोड रूपैयाँबराबरको अधिक तरलता राष्ट्र बैंकले विभिन्न उपकरणमार्फत तानेर राखेको छ।

एकातर्फ प्रवाहकर्जा उठ्न नसक्दा खराब कर्जाको आकार बढ्न गयो भने अर्कोतिर कर्जाको माग भएन। खराब कर्जाको आकार बढेसँगै बैंकरहरू पनि कर्जा दिन हच्किए। रेमिट्यान्सको आकार बढेर निक्षेप थुप्रिँदै जाने र ब्याजदर घट्दा पनि कर्जा नजाँदा बैंकिङ प्रणालीमा पैसा थुप्रिएको हो। लगानी गर्नुपर्ने पुँजी थुप्रिँदा बैंकिङ प्रणालीमा पनि अवरोध सिर्जना भएको छ। बैंकसँग लगानीयोग्य पुँजी(तरलता) लामो समयदेखि अधिक रहँदै आएको छ। केन्द्रीय बैंकले भदौ महिनाको पहिलो एकै दिन नै बोलकबोलमार्फत ३१ दिने निक्षेप संकलन उपकरणबाट ६० अर्ब रूपैयाँ पैसा तानेको (प्रशोचन गरेको) छ।

» बाँकी पृष्ठ ६

निःसन्तान उपचारमा देशको नयाँ फड्को

दिनेश गौतम | *काठमाडौं*

तपाई २० देखि ३५ वर्षको स्वस्थ हुनुहुन्छ ? कुनै पनि सरुवा रोग लागेको छैन। त्यसो भए पुरुषले शुक्रकीट र महिलाले अण्डा दान गर्न सक्नु हुनेछ। विवाहितको हकमा दम्पतीकै लिखित मन्जुरी चाहिने छ। तर, कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी वा दबाबमा पारेर भने दान गराउन पाइने छैन।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रकीट वा अण्डा दान गर्ने दाता (डोनर) का लागि मापदण्ड बनाएको छ। जसमा भनिएको छ, 'दाताको उमेर २० देखि ३५ वर्षको बीचमा हुनुपर्ने, कुनै पनि सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने र विवाहितको हकमा दम्पती दुवैको लिखित मञ्जुरी हुनुपर्ने छ।' किशोरीबाट अवैध रूपमा डिम्ब (अण्डा दान) लिएका घटनाहरू सार्वजनिक भए पछि सरकारले नयाँ मापदण्ड बनाएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निःसन्तान उपचार (आईभीएफ) सेवालाई व्यवस्थित बनाउन र नियमन गर्न निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गरेको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मन्त्रीस्तरीय निर्णय गर्दै मापदण्ड स्वीकृत गरेका हुन्। मन्त्री पौडेलको अग्रसरतामा मन्त्रालयले सम्बन्धित क्षेत्रका सरोकारवाला विज्ञहरूसँगको छलफलपछि यो मापदण्ड तयार पारिएको हो। मापदण्डको कार्यान्वयन भएमा 'निःसन्तान उपचार (आईभीएफ)' सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकीट तथा अण्डा दान (डोनर) प्रक्रिया थप व्यवस्थित हुने विश्वास गरिएको छ।



शुक्रकीट वा अण्डा दान गर्ने दाताका लागि स्पष्ट मापदण्ड तोकिएको छ। दातालाई कुनै पनि सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने र विवाहितको हकमा दम्पतीको लिखित मञ्जुरी जस्ता विषयलाई अनिवार्य गरिएको छ। एक व्यक्तिले दान गर्न पाउने पटकको संख्या सीमित गरिएको छ र दाताको पहिचान पूर्ण रूपमा गोप्य राख्नुपर्नेछ। साथै, कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी वा दबाबमा राखी दान गराउन पूर्ण रूपमा निषेध गरिएको छ।

स्वास्थ्य मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. सरोज शर्माका अनुसार, मापदण्डबमोजिम सेवा प्रदायकलाई पूर्णजिम्मेवार बनाइने छ र तोकिएको मापदण्ड पालना नगर्ने जोसुकैलाई कडा कानुनी दायरामा ल्याइने छ।

शर्माले भने, 'यस मापदण्डले निःसन्तान उपचार सेवालाई थप सुरक्षित, पारदर्शी र अन्तर्राष्ट्रियस्तरको बनाउन लागि एक कोसेढुंगाका रूपमा काम गर्ने छ।'

के छ वीर्य दान (सिमेन डोनेसन) को मापदण्ड ?

एक दाता (डोनर)ले कम्तीमा १५ दिनको फरकमा १० पटकभन्दा बढी डोनेसन दिन नमिल्ने मापदण्ड बनाइएको छ। यसको सुनिश्चितताका लागि विभिन्न सेवा प्रदायक संस्थाहरूबीच दोहोरो नपर्ने गरी समन्वय गर्ने प्रणाली निर्माण गर्नुपर्ने सुझाइएको छ। डोनरको परिचय प्रापकलाई खुलाउन मिल्ने छैन। डोनरको

शारीरिक परीक्षण तथा आवश्यक जाँचहरू प्रयोगशालाबाट परीक्षण गरी कुनै सरुवा रोग नभएको हुनुपर्ने। नागरिकता नम्बर तथा जारी जिल्ला सम्बन्धित संस्थामा अनिवार्य रेकर्ड राख्नुपर्ने छ। त्यस्तै बिरामीको आईडी अस्पतालमा रेकर्ड गरी परिचय नखुल्ने गरी कोड नम्बरमार्फत रेकर्ड राख्नुपर्ने छ।

डोनेसन गर्ने समयको पछिल्लो तीन महिनाको आधारभुत परीक्षण (सीबीसी, आरबीएस, आरएफटी, एलएफटी, ग्रुपिङ, सेरोलोजीहरूको रिपोर्ट अनिवार्य पेस गर्नुपर्ने छ। र, सेरोलोजी टेस्ट विगत तीन महिनाभित्र नेगेटिभ हुनुपर्ने छ।

वीर्य दान गर्ने व्यक्तिलाई सम्पूर्ण कुरा बुझाई सुसूचित मन्जुरिनामा लिनुपर्ने छ। विवाहितको हकमा श्रीमान्/ श्रीमती दुवै जनाको सुसूचित मन्जुरी हुनुपर्ने छ। त्यस्तै कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी डोनेसन दिन बाध्य पार्न पाइने छैन।

» बाँकी पृष्ठ ३